मिति :२०८०/०४/१०

## प्रेस विज्ञप्ति

नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) को केन्द्रिय सचिवालयको बैठक गत असार २९/३० र साउन १, २, ४ र ५ गते काठमाण्डौको पुष्पलाल स्मृति प्रतिष्ठानको कार्यालय चम्पादेवीमा बस्यो । बैठकले गरेका निर्णय र पारित गरेका प्रस्तावहरु निम्नानुसार छन् :-

**निर्णयहरु:**

**१.** एम सी सी संझौताको कार्यान्वयनको अवस्थाबारे सरकारसँग जानकारी माग गर्ने,उक्त संझौताको कार्यान्वयनमा व्याख्यात्मक घोषणाअनुरुप नेपालको हित रक्षाको प्रत्याभूति गर्न संसदीय अनुगमन समिति गठन गर्न आवश्यक पहल गर्ने,एम सी सीका बारेमा निरन्तर जानकारी लिने प्रयोजनका लागि पार्टीका तर्फबाट समेत अनुगमन समिति बनाउने ।

**२.** समाजवादी मोर्चा, नेपालको उद्देश्य र कार्यविधिका बारेमा त्यसको घोषणा पत्रमा सबै कुरा स्पष्ट पारिएको छ । संक्षेपमा, (क) समाजवादी कार्यदिशा भएका राजनीतिक दलहरुका बीच कैयन् सैद्धान्तिक तथा राजनीतिक मतभिन्नताहरु भए पनि साझा मुद्दामा सहकार्य गर्न र (ख) ती राजनीतिक दलहरुका बीचमा विभिन्न तहमा उत्पन्न हुन सक्ने विवाद वा अन्तरविरोधलाई समाधान गर्न उक्त मोर्चा बनाइएको हो भन्ने कुरा पार्टी पङ्तिलाई स्पष्ट पार्ने ।

**३.** नेपाली समाजको आधारभूत तथा राजनीतिक अन्तरविरोधका बारेमा पार्टी दृष्टिकोण निम्नानुसार स्पष्ट पार्ने :-

संविधानको रक्षा र विकास गर्दै समाजवादी रुपान्तरणको आधार तयार गर्नु आजको मुख्य कार्यभार हो । यस अवधीभरी दलाल पुँजीवादसँग नेपाली जनताको अन्तरविरोध प्रधान रहन्छ । राजनीतिकरुपमा दलाल पुँजीवाद विभिन्न राजनीतिक पार्टी, समूह वा प्रवृतिका पुनरुत्थानवादी, दक्षिणपन्थी, अवसरवादी नीति र प्रवृत्तिहरुमा प्रकट हुन्छ । मुलुकका नयाँ वा पुराना सबै पार्टीहरुसँग हाम्रो सम्बन्ध दलाल पुँजीवादबारे उनीहरुको दृष्टिकोणमा भर पर्छ । कतिपयले मुलुकको समाजवादी रुपान्तरणको कुरा गर्छन् तर जनक्रान्तिको उपलब्धी, वर्तमान संविधानको रक्षा र विकासप्रति उनीहरुको दृष्टिकोण गलत छ भने कतिपयले संविधानको रक्षा र विकासको पक्षमा आफुलाई उभ्याएका छन् तर मुलुकको समाजवादी रुपान्तरणप्रति नकारात्मक दृष्टिकोण राख्छन् । त्यस्तै कतिपय ती दुवै विषयमा नकारात्मक वा अस्पष्ट छन् । नेकपा एकिकृत समाजवादी संविधानको रक्षा, विकास र समाजवादी रुपान्तरणका मुद्दाहरुमा ती राजनीतिक दलहरुका दृष्टिकोणअनुसार एकता र सङ्घर्षको सम्बन्ध राख्छ ।

**४.** नेपाली क्रान्तिको कार्यदिशाका बारेमा रहने सक्ने अस्पष्टतालाई निम्नानुसार समाधान गर्ने :-

नेपालमा जनवादी क्रान्ति सम्पन्न भैसकेको अवस्थामा भावी नेपाली क्रान्तिको कार्यदिशा समाजवादी हो भन्ने कुरामा पार्टी स्पष्ट छ । लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि सामन्तवाद विरुद्ध जनताको बहुदलीय जनवादका विशेषताका रुपमा अगाडि सारिएका माग, नारा र मान्यताहरु संविधानमा संस्थागत भैसकेका छन् । आज पनि कम्युनिष्ट पार्टी लोकतान्त्रिक प्रतिस्पर्धाबाट समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्न चाहान्छ भन्ने मान्यताका रुपमा जनताको बहुदलीय जनवाद सान्दर्भिक छ भन्ने कुरामा पार्टी स्पष्ट छ ।

**५.** पार्टीको महाधिवेशन र आगामी राष्ट्रिय अभियानका बारेमा छलफल तथा निर्णय गर्न आगामी साउन १६ र १७ गते स्थायी कमिटी, १८ र १९ पोलिटब्युरो र २० र २१ गते केन्द्रीय कमिटीको बैठक काठमाण्डौमा बस्ने ।

**प्रस्तावहरु :-**

**१.** हाम्रो आर्थिक जीवन झन्झन् सङ्कटपूर्ण बन्दै गएको छ । न्युन पुँजीगत सरकारी खर्चले प्रभावित भैरहेको हाम्रो आर्थिक क्षेत्र लक्ष्यभन्दा ३२ प्रतिशत कम राजस्व उठेपछि अहिले राजस्व घाटाको झन् निराशाजनक अवस्थामा पुगेको छ । आर्थिक वृद्धिदर पनि उस्तै निराशाजनक छ, लक्ष्यभन्दा झण्डै आधा मात्रै हुनजाने अनुमान गरिँदैछ । उद्योग व्यवशायहरु धमाधम बन्द हुँदैछन् वा अति कम क्षमतामा चलेका छन् । यसबाट उद्यमीहरुमा निराशा बढ्दैछ, रोजगारी झन्झन् साँघुरिँदै गएको छ र वैदेशिक रोजगारीका लागि बाहिरिने युवाहरुको सङ्ख्या बढ्दैछ । उत्पादन मात्रै होइन मागमा पनि ह्रास आएको छ । उपभोक्ताको क्रयशक्ति झन्झन् घट्दैछ । यही अवस्थामा विप्रेषण, विदेशी मुद्रा सञ्चितीजस्ता बाह्य क्षेत्रमा देखिएको तथाकथित सुधार दिगो हुननसक्ने कुरा स्पष्ट छ । यसको अर्थ हामी अझ ठूलो सङ्कटतर्फ र आर्थिक मन्दीतर्फ जाँदैछौं । पार्टीको यो बैठक, वर्तमान आर्थिक अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दछ र पुँजीगत खर्च बढाउन, लगानी र उत्पादनको वातावरण बनाउन, उद्यमहरु डुब्न नदिन आवश्यक प्रभावकारी आर्थिक, वित्तिय तथा मौद्रिक नीतिहरुमार्फत् वर्तमान निराशापूर्ण अवस्थामा जिम्मेवारीपूर्वक हस्तक्षेप गर्न सरकारसँग जोडदार मागगर्दछ ।

**२.** करिब ५५ प्रतिशत जनशक्ति कृषिमा आधारित भएको हाम्रो मुलुक खाद्यान्नमा समेत परनिर्भर हुँदै जानु हामी सबैका लागि ठूलो चिन्ताको विषय हो। पछौटे, निर्वाहमुखी र अव्यवस्थित कृषिलाई युगानुकूल रुपान्तरण गर्न राज्यले जिम्मेवार भूमिका नखेल्दा नेपाल बेरोजगारी, गरिबी र परनिर्भतरताको दुष्चक्रतर्फ धकेलिँदै गएको छ। कृषि क्षेत्रमा ठोस र योजनाबद्ध कार्यक्रमद्वारा सबै कृषकले कृषिकर्मबाटै न्युनतम आवश्यकता पूरा गर्न सक्ने कृषि व्यवस्थाको लागि राज्यले पहल गर्नै पर्ने भएको छ। त्यसका लागि बीउ, पानी, मललगायत कृषिजन्य उत्पादनका सामग्रीहरू सस्तो तथा सुलभ बनाउनु, सस्तो व्याजदरमा कृषि ऋण र बालि/वस्तुको प्रभावकारी बीमाको व्यवस्था गर्नु र हरेक कृषकका लागि प्राविधिक सेवाको सुनिश्चितता गर्दै सबै बालि/वस्तुको न्युनत्तम समर्थन मूल्य तोकेर कृषकले न्युनतम बचत गर्न सक्ने व्यवस्था गर्नु पर्छ। यसरी ठूलो मात्रामा रोजगारी सृजना गर्दै र उत्पादनमा बृद्धि गर्दै आत्मनिर्भर बन्ने, कृषिबाट भैरहेको श्रमशक्ति पलायन रोक्ने र कृषिमा खपत नहुने श्रमशक्तिलाई उद्योगमा स्थानान्तरण गर्दै मुलुकलाई समृद्धि र समाजवादको बाटोमा अगाडि बढाउनु अब ढिलो भैसकेको छ। यो बैठक, कृषि क्षेत्रमा ठोस, योजनाबद्ध र प्रभावकारी कार्यक्रम अवलम्बन गर्न गर्न सरकारसँग माग गर्दछ।

**३.** नेपाली कच्चा पदार्थमा आधारित उद्योगहरुका लागि लगानीको वातावरण तयार गर्न, औद्योगिक विकासलाई तीब्रता दिन, व्यवस्थापनमा सुधार गर्दा नाफामा जान सक्ने सार्वजनिक संस्थानहरूलाई सुचारु गर्न, औद्योगिक क्षेत्रको पूर्वाधार विकासमा तदारुकता देखाउन तथा लगानीमैत्री कानून एवम् छिटो–छरितो कार्यबिधि निर्माण गर्न यो बैठक सरकारसँग माग गर्दछ। यसैगरी नेपालमा आयात गर्दा तयारी माल/बस्तुमा भन्सार कम गर्ने तथा कच्चा पदार्थको आयातमा भन्सार दर बढी गर्ने सबै ब्यवस्थाहरुको अन्त्य गरी उत्पादनमैत्री कानूनी ब्यवस्था गर्न पनि यो बैठक माग गर्दछ।

**४.** कोभिड-१९ को महामारीपछि सबैभन्दा आक्रान्त र धरासायी भएका साना तथा मझौला उद्यमहरू ऋण तथा अन्य सुविधाहरुबाट तुलनात्मक रुपमा कम लाभान्वित छन्। वित्तीय सुविधामा निश्चित व्यावसायिक घरानाहरुको पहुँच हुने वर्तमान वित्तीय एकाधिकारको स्थितिको अन्त्य गरी अधिकतम रोजगारी सृजना गर्ने साना तथा मझौला व्यवसायीहरुलाई प्रोत्साहन हुने नीति तय गर्न यो बैठक जोडदार माग गर्दछ।

**५.** मुलुकका विभिन्न भागमा, खासगरी मधेशमा, नागरिकहरु मीटरव्याजको समस्याबाट पीडित भएको अवस्थाप्रति गंभीर चिन्ता व्यक्त गर्दछ। प्रतिनिधिसभाबाट पारित भैसकेको मीटरव्याज विरुद्धको ऐन राष्ट्रिय सभाबाट पारित गर्न ढिलाई गर्न लागिएकामा गंभीर आपत्ति प्रकट गर्दछ। साथै, मिटरब्याज पीडितहरुले पाइलापाईलामा अनेक सास्ती ब्यहोरिरहेको अवस्थालाई ध्यान दिई उनीहरुले सहजरुपमा न्याय पाउँछन् भन्ने ग्यारण्टी गर्न नेपाल सरकारसमक्ष यो बैठक जोडदार माग गर्दछ।

६. सहकारी क्षेत्रमा रहेको विसंगति र बेथितिले अहिले कतिपय सहकारीका सर्वसाधारण शेयर सदस्य तथा बचतकर्ताहरुको लगानी डुब्ने अवस्था भएको छ। यो विकराल समस्याको तत्काल समाधान गर्न पीडित सर्वसाधारणको लगानी संरक्षित हुने व्यवस्था गर्न नेपाल सरकारसंग यो बैठक माग गर्दछ। साथै, दीर्घकालीनरूपमा आवश्यक कानूनी व्यवस्थासहित नियमित अनुगमन तथा नियमनको व्यवस्था गर्न तथा उत्पादनमा संलग्न सहकारीहरुलाई प्रोत्साहित गर्ने विशेष व्यवस्था मिलाउन यो बैठक नेपाल सरकार समक्ष जोडदार माग गर्दछ।

७. हालैका दिनमा नेपाल सरकारले भ्रष्टाचारका विरुद्धमा देखाएको सकृयताले जनतामा आशा जगाएको छ। राज्य र समाजको माथिल्लो तहसम्म संस्थागत हन थालेको भ्रष्टाचारलाई नियन्त्रण र उन्मलन गर्दै सुशासन र समृद्धिको वातावरण निर्माण गर्न आवश्यक सबै तरिका अपनाउन यो बैठक सरकारलाई आह्वान गर्दै भ्रष्टाचार विरुद्धको अनुसन्धान तथा कार्यवाही कुनै पनि बहानामा नरोकियोस् भन्ने कुरामा जोड दिन्छ।

८. यो बैठक, वर्षाका कारण हुन जाने बाढी, पहिरो, डुवान तथा कटानबाट नागरिकको ज्यान तथा सम्पत्तिको रक्षा तथा आवश्यक खोज, उद्धार, राहत तथा पुनस्र्थापनाको पुर्वतयारीका साथ विपद् व्यवस्थापनको तयारी गर्न नेपाल सरकारलाई आह्वान गर्दछ।

९ . यो बैठक, हाल हाम्रो देशभरी पशुहरुमा महामारीका रुपमा फैलिरहेको संक्रामक रोग लम्पी स्कीनले ठूलो क्षति पुर्याएकोप्रति चिन्ता ब्यक्त गर्दछ। साथै, उक्त रोगको नियन्त्रणका लागि आवश्यक सबै उपाय अवलम्बन गर्न र मर्कामा परेका कृषकको राहतको व्यवस्था गर्नसमेत सरकारसँग माग गर्दछ।

१०. हरेक समस्यालाई शान्तिपूर्ण छलफलद्वारा समाधान गर्ने लोकतान्त्रिक मान्यताअनुरुप साविक प्रदेश नं १ को नाम प्रदेश सभाद्वारा 'कोशी प्रदेश' राखिएपछि उत्पन्न विवादलाई वार्ताको मध्यमबाट समाधान खोज्न यो बैठक सम्बद्ध सबैलाई आह्वान गर्दछ।

घनश्याम भुसाल
महासचिव